# प्रदेश लोक सेवा आयोग

## प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा
## कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

# कर्णाली प्रदेश निजामती सेवा अन्तर्गत विभिन्न सेवा, समूह र उपसमूहका अप्राविधिक/प्राविधिकतर्फ पाँचौं तहका पदहरूको ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना

**सूचना नं.- १५७२०८०।८१** **प्रकाशन मिति :- २०८०।१०।२३**

आयोगको सूचना नं. ०१।२०७८-७९, मिति २०७८।०९।२७ र सूचना नं. १४०।२०७९-८०, मिति २०७९।०८।२७ मा प्रकाशित सूचना अनुसार ज्येष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि छुट्याइएका तपसिलका पदमा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने भएकाले कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ र ३३ बमोजिम ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारण भएको दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८०।११।२९ गतेसम्म दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np/** बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्त फारामहरूलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन ।

## उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू :

१. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३० बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्ने ।
२. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेस गर्नुपर्ने ।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्ने ।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेस गर्नुपर्ने ।
५. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ को उपदफा (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेस गर्नुपर्ने ।
६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरू कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३३ बमोजिम हुनेछ ।
७. बढुवाका लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९ बमोजिम हुनुपर्ने ।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुने ।

**दरखास्त र दरखास्त दस्तुर बुझाउने स्थान :** प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत ।
**दरखास्त दस्तुर :** रु. ५००।- (पाँच सय रुपैयाँ)

## ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदको विवरण :

| क्र.सं. | बढुवा सूचना नं. | पद | सेवा, समूह र उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | १७।०८०-८१ | प्राविधिक सहायक | कृषि, एग्री. इको एण्ड मार्केटिङ | २ |
| २ | १८।०८०-८१ | प्राविधिक सहायक | कृषि, बागबानी | १ |
| ३ | १९।०८०-८१ | पशु स्वास्थ्य प्राविधिक | कृषि, भेटेरीनरी | २ |
| ४ | २०।०८०-८१ | सहायक | प्रशासन, सा.प्र. | २ |
| ५ | २१।०८०-८१ | लेखा सहायक | प्रशासन, लेखा | ४ |
| ६ | २२।०८०-८१ | रेन्जर | वन, जनरल फरेस्ट्री | ४ |
| ७ | २३।०८०-८१ | कम्प्युटर अपरेटर | विविध | २ |

## कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा हुने पदको विवरण

| क्र.सं. | बढुवा सूचना नं. | पद | सेवा, समूह र उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | २४।०८०-८१ | प्राविधिक सहायक | कृषि, एग्री. इको एण्ड मार्केटिङ | १ |
| २ | २५।०८०-८१ | प्राविधिक सहायक | कृषि, बागबानी | १ |
| ३ | २६।०८०-८१ | पशु स्वास्थ्य प्राविधिक | कृषि, भेटेरीनरी | १ |
| ४ | २७।०८०-८१ | सहायक | प्रशासन, सा.प्र. | १ |
| ५ | २८।०८०-८१ | लेखा सहायक | प्रशासन, लेखा | २ |
| ६ | २९।०८०-८१ | रेन्जर | वन, जनरल फरेस्ट्री | २ |
| ७ | ३०।०८०-८१ | कम्प्युटर अपरेटर | विविध | १ |